**बाह्रदशी गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**सभाबाट स्वीकृत मितिः २०७५/०३/३२**

**प्रस्तावनाः** बाह्रदशी गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप धारा (२) ले दिएको अधिकार प्रयोग गरी बाह्रदशी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बाह्रदशी गाउँपालिकाको विनियोजन ऐन २०७५" रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,
क) "ऐन" भन्नाले बाह्रदशी गाउँपालिकाको विनियोजन ऐन, २०७५ सम्झनुपर्छ ।
ख) "कार्यपालिका" भन्नाले बाह्रदशी गाउँ कार्यपालिका सम्झनुपर्छ ।
ग) "गाउँपालिका" भन्नाले बाह्रदशी गाउँपालिका सम्झनुपर्छ ।
घ) "सभा" भन्नाले बाह्रदशी गाउँपालिकाको सभा सम्झनुपर्छ ।
ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

३. **आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**
१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र सर्शत अनुदान खर्चको रकम समेत गरी जम्मा रकम रु.३१,०१,५९,१८०।- (अक्षेरुपी एकतीस करोड एक लाख उनन्साठ्ठी एक सय असी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त बाह्रदशी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको छ ।

(२) उप दफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची - १

| क्र.सं. | खर्चको प्रकृति | रकम |
|---|---|---|
| १ | चालु खर्च | ४,१०,००,०००।- |
| २ | पुँजीगत खर्च | १६,७०,५९,१८०।- |
| ३ | सशर्त अनुदान खर्च | १०,२१,००,०००।- |
| | जम्मा | ३१,०१,५९,१८०।- |